नेपाल सरकार

**भूमी व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**

सिंहदरबार, काठमाण्डौं

(प्रदेश तथा स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८३/०८४

चलानी नं. ३६

मितिः २०८३/०४/१८

श्री उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालय,
बागमती प्रदेश सरकार।

विषयः सक्कलै निवेदन पठाईएको ।

प्रस्तुत विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प.सं. २०८३/०८४, च.नं. भ्र.नि./५२१/२१० मिति २०८३/०४/११ गतेको पत्रानुसार श्री राजनकुमार श्रेष्ठ, उपत्यका सार्वजनिक यातायात प्रा.लि.को तर्फवाट उच्च अदालतको परमादेशको पालना, ट्याक्सीको राष्ट्रिय मापदण्डको तत्काल कार्यन्वयन र राजनैतिक प्रशासनिक द्वैध चरित्रको अन्त्य गर्ने सम्वन्धी विषय उल्लेखित पत्रको छाँया प्रति यसैसाथ संलग्न गरी आवश्यक जानकारी तथा कार्यार्थ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(प्रकाश पन्थी)
शाखा अधिकृत

<u>बोधार्थः</u>

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सुशासन, भ्रष्टाचार नियन्त्रण तथा कर्मचारी पृष्ठपोषण शाखा, सिंहदरबार ।

श्री सूचना प्रविधि शाखा, उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालय,
बागमती प्रदेशमा ईमेलमार्फत पत्र प्रेषित गरिदिनु हुन ।

सिंहदरबार, काठमाण्डौं फोन नं.-४२००५११/४२००३०४
ईमेल:- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np
वेबसाईट:- www.mofaga.gov.np

नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
(सुशासन, भ्रष्टाचार नियन्त्रण तथा कर्मचारी पृष्ठपोषण शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः- ०८३/८४
च.नं.:- भ्र.नि./५२१/२१०

मितिः २०८३/०४/११
ने.सं. :- ११४६ दिल्लाथ्व १३, सोमबार

विषयः निवेदन पठाइएको सम्बन्धमा।

श्री भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार।

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.: २२५
मिति: २०८३/४/१३

उपर्युक्त सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा दर्ता भएको तपसिल बमोजिमको निवेदन तहाँ मन्त्रालयमार्फत प्रदेश सरकारसँग आवश्यक समन्वय गर्नुपर्ने देखिएकोले सक्कलै कागजात यसै पत्रसाथ संलग्न गरी पठाइएको व्यहोरा निर्णयानुसार अनुरोध छ।

तपसिलः

| क्र.सं. | निवेदकको नाम र ठेगाना | विषय | दर्ता नं. र मिति |
|---|---|---|---|
| १. | श्री राजन कुमार श्रेष्ठ, उपत्यका सार्वजनिक यातायात प्रा.लि.। | उच्च अदालतको परमादेशको पालना, "ट्याक्सीको राष्ट्रिय मापदण्ड" को तत्काल कार्यान्वयन र राजनैतिक - प्रशासनिक द्वैध चरित्रको अन्त्य गर्ने सम्बन्धमा। | २१३, २०८३/०४/०५ |

सूर्य बहादुर बस्नेत
शाखा अधिकृत

बोधार्थ
श्री राजन कुमार श्रेष्ठ, उपत्यका सार्वजनिक यातायात प्रा.लि.।

०८२१४८२

दर्ता नं. ३२२८६१/०८०/०८१ (Regd. 322861/080/081)

UPATYAKASARWAJANIKYATAYAT PVT.LTD

नागार्जुन-४,काठमाडौं(Nagarjun-04,Kathmandu)

सम्पर्क नं.(Contact No.) ०१-५३१२८०६ (01-5312806)

च.नं. (Ref.) : ०२५

पत्र संख्या(Letter No.) : ०८३/०८४

मिति (Date): २०८३/०४/०५

उपत्यका सार्वजनिक यातायात प्रा. लि. Upatyaka Sarbajanik Yatayat Pvt. Ltd.

श्री प्रधानमन्त्री तथा मंत्रिपरिसद्को कार्यालय,

सिंहदरवार,काठमाण्डौ नेपाल

**विषयः उच्च अदालतको परमादेशको पालना, "ट्याक्सीको राष्ट्रिय मापदण्ड" को तत्काल कार्यान्वयन र राजनैतिक-प्रशासनिक द्वैध चरित्रको अन्त्य गर्ने सम्बन्धमा।**

महोदय,

प्रस्तुत विषयमा **उपत्यका सार्वजनिक यातायात प्रा.लि.**काठमान्डौ उपत्यकामा कम्पनी रजिस्टर्डको कार्यालयमा व्यवसायिक रुपमा दर्ता भइ नेपाल सरकारले तोकेको मापदण्ड अनुसार नेपाल सरकार अन्तर्गतको यातायात व्यवस्था कार्यालयले तोकेको राजस्व तिरी एक हजार भन्दा बढी स्वोरोजगार व्यवसायीको ट्याक्सी दर्ता पन्जीकरण गरि संचालन भैरहेको पनि अबगत गराउदछौ। मिति २०८३/०३/३१गते बागमती प्रदेश सरकारका माननीय श्रम, रोजगार तथा यातायात मन्त्री जयराम थापाज्यूको हस्ताक्षरमा सोहि मितिमा जारी प्रतिवाद (प्रेस विज्ञप्ति) प्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ। संघीय संसद् (प्रतिनिधिसभा) को बैठकमा माननीय सांसद राजीव खत्रीज्यूले सवारीचालक अनुमतिपत्र (लाइसेन्स) लिने क्रममा भइरहेको स्वास्थ्य परीक्षण शुल्कको अनियमितता र बेथितिको विषयमा प्रदेशका मुख्यमन्त्री र यातायात मन्त्रीमाथि छानबिनको माग गर्दै जनताको आवाज बुलन्द गर्नुभएको थियो। तर, उक्त जनसरोकारको गम्भीर राजनीतिक प्रश्नलाई प्रशासनिक आवरण र प्राविधिक दफाहरूको **कानुनी विवरण** पेस गरेर ढाकछोप गर्ने जुन गैर-राजनैतिक चेष्टा मन्त्रीज्यूबाट भयो, त्यो अत्यन्तै खेदजनक छ।

उक्त विज्ञप्तिको दोस्रो पृष्ठमा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ५८, प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ को दफा ६२, र यातायात व्यवस्था विभागबाट जारी "विद्युतीय माध्यमबाट सवारी चालक अनुमतिपत्रको सेवा प्रवाह गर्नेसम्बन्धी कार्यविधि निर्देशिका, २०८०" को दफा ८ बमोजिम प्रदेश सरकारले चिकित्सकहरूलाई सूचीकृत गरी स्वास्थ्य परीक्षण शुल्क (रु. १७५/-) निर्धारण गरेको तथ्य सप्रमाण प्रस्तुत गरिएको छ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
दर्ता नं.: २९३
मिति: 2083/8/5

शासकीय सुधार महाशाखा

Email: - upatyakataxisewa@gmail.com WhatsApp only: - 9705312806 www.facebook.com/taxiservicektm

सुशासन शाखा

उक्त विज्ञप्तिले बागमती प्रदेश सरकार संघीय कानुन, निर्देशिका र सर्वोच्च अदालतको आदेश पालना गर्न पूर्ण रूपमा कटिबद्ध छ भन्ने कानुनी भाष्य निर्माण गर्न खोजेको देखिन्छ। तर, यसै सन्दर्भमा प्रदेश सरकारको एउटा लज्जास्पद र विरोधाभासपूर्ण "द्वैध चरित्र (Double Standard)" सार्वजनिक भएको छ। संघीय सरकार र यातायात व्यवस्था विभागले जारी गरेको एउटा निर्देशिका (स्वास्थ्य परीक्षण सम्बन्धी) लाई शिरोधार्य गर्ने सोही बागमती प्रदेश सरकारले, नेपाल सरकारले नै देशैभरिका ट्याक्सी सेवालाई व्यवस्थित र सुरक्षित बनाउन जारी गरेको "ट्याक्सीको राष्ट्रिय मापदण्ड" लाई भने विगत लामो समयदेखि नियोजित रूपमा कार्यान्वयन नगरी पन्छाउँदै आएको छ।

मन्त्रीज्यू र श्रम, रोजगार तथा यातायात मन्त्रालय समेत विपक्षी रहेका विभिन्न रिट निवेदनहरूमा सम्मानित **उच्च अदालत पाटनबाट एक पटक होइन, दुई पटक होइन, चौथो पटकसम्म "ट्याक्सीको राष्ट्रिय मापदण्ड" तत्काल कार्यान्वयन गर्न स्पष्ट परमादेश जारी भइसकेको छ।** अदालतको उक्त आदेशलाई लत्याएर चौथो पटकसम्म मन्त्रालयले अदालतको अवहेलना गरिरहनु कानुनी राज्यको उपहास मात्र होइन, न्यायपालिकामाथिको नाङ्गो प्रहार र चरम राजनैतिक तथा प्रशासनिक स्वेच्छाचारिता हो।

आफू अनुकूलको निर्देशिका (स्वास्थ्य परीक्षण शुल्क संकलन सम्बन्धी) लाई राजनैतिक संरक्षणको ढाल बनाउन हतार-हतार लागू गर्ने, तर सम्मानित अदालतले चौथो पटकसम्म परमादेश जारी गर्दा पनि आम जनताको सुरक्षा र यातायात सुधारसँग जोडिएको **"ट्याक्सीको राष्ट्रिय मापदण्ड"** लाई नियोजित रूपमा कार्यान्वयन नगरी पन्छाउनुले प्रदेश सरकारको **द्वैध चरित्र (Double Standard)** लाई पूर्ण रूपमा उदाङ्गो पारेको छ।

**एउटै संघीय कानुन र प्रणाली अन्तर्गत रहेर आफू अनुकूलको व्यवस्थालाई "नेपाल सरकारको निर्देशन पालना गरेको"** भन्दै आत्मप्रशंसा गर्ने, तर जनताको प्रत्यक्ष सरोकार, उपभोक्ता सुरक्षा र यातायात क्षेत्रको प्रणालीगत सुधारसँग जोडिएको "ट्याक्सीको राष्ट्रिय मापदण्ड" लाई बेवास्ता गर्ने छुट प्रदेश सरकारलाई कदापि हुन सक्दैन।

अतः संघीयताको मर्म, कानुनी शासन र उपभोक्ता अधिकारको रक्षाका लागि निम्न कानुनी दफाहरूको जगमा रही यो दबाब पत्र पेस गर्दछौं:

**१. कानुनी एवं संवैधानिक आधारहरू र उल्लंघनका दफाहरू:**

क) नेपालको संविधानको धारा २३२ (१) को उल्लंघन: संविधानले संघ, प्रदेश र स्थानीय तहबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने स्पष्ट व्यवस्था गरेको छ। संघीय सरकारले तोकेको राष्ट्रिय मापदण्डलाई प्रदेश सरकारले लागू नगर्नु संवैधानिक समन्वयको भावनामाथि सीधा प्रहार हो।

ख) नेपालको संविधानको अनुसूची ५ (क्र.सं. २०): राष्ट्रिय यातायात नीति र मापदण्ड निर्धारण गर्ने एकल अधिकार संघीय सरकार (संघ) को क्षेत्राधिकार भित्र पर्दछ। संघले निर्धारण गरेको मापदण्ड बमोजिम नीति बनाउनु र लागू गर्नु धारा ५७ (२) बमोजिम प्रदेशको कानुनी दायित्व हो।

ग) सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १५३ र १७७ को उपेक्षा: यस ऐनले यातायात सेवालाई सर्वसुलभ, सुरक्षित र व्यवस्थित बनाउन नेपाल सरकारले आवश्यक निर्देशन वा मापदण्ड जारी गर्न सक्ने र त्यस्तो निर्देशनको पालना गर्नु सम्बद्ध प्रादेशिक तथा स्थानीय निकायको अनिवार्य कर्तव्य हुने व्यवस्था गरेको छ।

घ) उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ३: प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु वा सेवा प्राप्त गर्ने संवैधानिक र कानुनी अधिकार छ। राष्ट्रिय मापदण्ड विपरीतका पुराना, असुरक्षित र डिजिटल बिलिङ प्रणाली नभएका ट्याक्सीहरू सञ्चालन गर्न दिनु उपभोक्ताको कानुनी अधिकारको हनन हो।

**२. हाम्रा स्पष्ट र जोडदार मागहरू:**

क) प्रशासनिक र कानुनी द्वैध चरित्रको तत्काल अन्त्य: स्वास्थ्य परीक्षण निर्देशिका कार्यान्वयन गर्दा जुन कानुनी मर्म र सर्वोच्च अदालतको नजिर अघि सारिएको छ, ट्याक्सीको राष्ट्रिय मापदण्ड कार्यान्वयन गर्दा पनि सोही कानुनी बाध्यता स्वीकार गरियोस्। कानुनको छनोटपूर्ण कार्यान्वयन (Selective Implementation) तत्काल बन्द गरियोस्।

ख) "ट्याक्सीको राष्ट्रिय मापदण्ड" को तत्काल पूर्ण कार्यान्वयन: बागमती प्रदेशभित्र सञ्चालनमा रहेका वा नयाँ दर्ता हुने सम्पूर्ण ट्याक्सीहरूमा राष्ट्रिय मापदण्ड (यात्रु सुरक्षाका लागि जिपिएस ट्र्याकिङ, अनिवार्य डिजिटल लकिङ/बिलिङ प्रणाली, र तोकिएको सिसी (CC) क्षमताको गुणस्तर) तत्काल लागू गरियोस्।

ग) संघीय सरकारको तर्फबाट कडा निर्देशन र अनुगमन: नेपाल सरकार (भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय) ले आफ्नो क्षेत्राधिकार प्रयोग गरी ट्याक्सीको राष्ट्रिय मापदण्ड कार्यान्वयन नगर्ने बागमती प्रदेश सरकारलाई २४ घण्टे स्पष्टीकरण सोध्दै उक्त मापदण्ड अनिवार्य रूपमा लागू गर्न कडा निर्देशन जारी गरोस्।

उपत्यका सार्वजनिक यातायात प्रा. लि.
Upatyaka Sarbajanik Yatayat Pvt. Ltd.

घ) बिचौलिया र सिन्डिकेटको संरक्षण बन्द गरियोस्: राष्ट्रिय मापदण्ड कार्यान्वयन नगर्दा उपभोक्ता ठगिने र निश्चित समूह वा बिचौलियाले फाइदा उठाउने अवस्था सिर्जना भएको हुँदा, स्वच्छ प्रतिस्पर्धा र पारदर्शी भाडा प्रणाली कायम गर्न प्राविधिक सुधार तत्काल लागू गरियोस्।

अन्तिम चेतावनी:

कानुन सबैका लागि बराबर हुन्छ। बागमती प्रदेश सरकारले संघीय सरकारको ऐन र कार्यविधि निर्देशिकाको दफा ८ लाई पालना गरेको दाबी गरिरहँदा, ट्याक्सीको राष्ट्रिय मापदण्ड कार्यान्वयन नगर्नु कानुनको ठाडो उल्लंघन हो।

यो ध्यानाकर्षण पत्र बुझाएको मितिले १५ (पन्ध्र) दिनभित्र बागमती प्रदेश सरकारले ट्याक्सीको राष्ट्रिय मापदण्ड कार्यान्वयनको आधिकारिक कार्ययोजना सार्वजनिक नगरेमा वा संघीय सरकारले सोका लागि बाध्यकारी कदम नचालेमा, हामी उपभोक्ताको हित रक्षाका लागि नेपालको संविधानको धारा १३३ बमोजिम सर्वोच्च अदालतमा सार्वजनिक सरोकारको विवाद (PIL) दर्ता गरी कानुनी उपचार खोज्न र सडक संघर्षका सशक्त कार्यक्रमहरू अघि बढाउन बाध्य हुने व्यहोरा यसै पत्रमार्फत अवगत गराउँदछौं।

अध्यक्ष

राजन कुमार श्रेष्ठ

उपत्यका सार्वजनिक यातायात प्रा.लि.

९८५१०११२०१

मा. जयराम थापा
मन्त्री

पत्र संख्या: २०८२/०८३
चलानी नम्बर: ३२

बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय
हेटौंडा, नेपाल

मिति २०८३/०३/३१

प्रेस विज्ञप्ति

मिति २०८३ असार 30 गते संघीय संसद अन्तर्गत प्रतिनिधिसभाको बैठकमा राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद माननीय राजीव खत्रीले सवारीचालक अनुमतिपत्र लिने क्रममा लिने गरिएको स्वास्थ्य परीक्षण शुल्क सम्बन्धमा बागमती प्रदेशका मुख्यमन्त्री र यातायातमन्त्री माथि छानबिनको माग गर्दै व्यक्त अभिव्यक्तिप्रति यस मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ। त्यस्तो अभिव्यक्ति पूर्णतः कपोलकल्पित मात्र छैन, प्रदेश सरकारलाई संविधानद्वारा प्रदत्त अधिकारमाथि ठाडो हस्तक्षेपको प्रयत्न पनि हो । त्यति मात्र होइन, प्रदेश सभाद्वारा निर्मित ऐन कानुनको अधिनमा रही भइरहेको सेवा प्रवाह प्रभावित पारी केही व्यक्ति र समूहको निहित स्वार्थ पूरा गर्ने मनसाय पो सो अभिव्यक्तिमा निहित छ कि भन्ने आशंका उत्पन्न भएको छ । संविधानले तीन तहका सरकारको व्यवस्था गरेको छ। तीनवटै तहका सरकारका एकल तथा संयुक्त अधिकार संविधानमै स्पष्ट उल्लेख छन्। संघीय सांसद जस्तो गरिमामय संवैधानिक पदीय जिम्मेवारीमा रहेको व्यक्तिले संविधानको यति जानकारीसमेत राखेका छैनन् त ? यदि त्यस्तो हो भने, यो जनप्रतिनिधिमूलक थलोकै अपमान हो। जानकारी हुँदा हुँदै व्यक्ति र समूहको निहित स्वार्थमा परी प्रदेशको क्षेत्राधिकार मिची संवैधानिक उल्लघनको प्रयत्न गरिएको हो भने त्यो उनलाई निर्वाचित गर्ने जनतामाथि गरिएको गम्भीर धोका हो। त्यसैले यस मन्त्रालय प्रतिनिधिसभा सदस्य माननीय राजीव खत्रीलाई संघीय संसदको बैठकमा व्यक्त संविधानविपरीतको आफ्नो अभिव्यक्ति फिर्ता लिन माग गर्दछ। अन्यथा, संघीय संसदको रेकर्डबाट हटाउन सभामुखसमक्ष सादर अनुरोध गर्दछ ।

माननीय खत्रीले आफ्नो अभिव्यक्तिको क्रममा संविधानका ती सबै प्रावधानहरूका उलंघन मात्र गरेका छैनन्, बागमती प्रदेशका वर्तमान मुख्यमन्त्री र यातायातमन्त्रीले राज्यलाई नोक्सान पुर्याएको तथा बिचौलिया मोटाउने अवस्था सिर्जना गरेको गम्भीर आरोपसमेत लगाएका छन् । जबकी, उनलाई यो थाहा हुनुपर्छ, बागमती प्रदेशको वर्तमान सरकार २०८२ साल साउन २० गते गठन भएको हो भने उनले उल्लेख गरेको स्वास्थ्यपरीक्षणको लागि प्रतिव्यक्ति १७५ रुपैयाँ शुल्क निर्धारण गर्ने निर्णय २०८१ साल जेठ २२ गतेको प्रदेश मन्त्रिपरिषद् बैठकले गरेको हो। सरकार

सम्पर्क नं. : ९८५१०५५५९०, फोन नं.: ०५७-५९०३६१, ईमेल: [illegible], वेबसाइट: molet.bagamati.gov.np

हामी स्पष्ट पार्न चाहन्छौं, सवारी तथा यातायात व्यवस्था ऐन २०४९ को दफा ५८, प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन २०७५ को दफा ६२, विद्युतीय माध्यमबाट सवारीचालक अनुमति पत्रको सेवा प्रवाह गर्ने सम्बन्धी कार्यविधि निर्देशिका २०८० को बुदा नं. ८ ले सवारीचालक अनुमतिपत्रको लागि आवेदन गर्ने सेवाग्राहीको स्वास्थ्य जांच गर्ने कार्यलाई व्यवस्थित गर्ने प्रक्रियालाई सहजीकरण गरेको छ। विगतमा यातायात व्यवस्था कार्यालयबाट स्वास्थ्य परीक्षणको लागि फर्म छनोट गरी गर्ने गरेको र सो कार्यमा फर्म नै जिम्मेवार बनाएको देखिन्छ। यसरी सेवा प्रवाहको प्रबन्धमा छुट्टै जांचको लागि अन्य क्लिनिकमा पठाउने र विदेश रहेका तथा शारीरिक अपाङ्गता भएका व्यक्तिसँग रकम असुली स्वास्थ्य परीक्षणमा पास गर्ने गरेको व्यापक गुनासो आउने गरेको थियो । यस प्रक्रियामा अनैतिक क्रियाकलापको लागि फर्मले विशेषज्ञ मेडिकल डाक्टरलाई र डाक्टरले फर्मलाई दोषारोपण गर्ने प्रवृति रहेकोले सवारीचालक अनुमति पत्र प्राप्त गर्न योग्य रहेको अवस्था सुनिश्चित गर्न अफ्ट्यारो पर्दै आएको थियो । विगतको अभ्यासले एक फर्ममात्र छनोट गर्दा त्यस फर्मको एकाधिकार स्थापित हुने र सेवाग्राही मारमा पर्ने गरेका थिए। यातायात व्यवस्था विभागबाट जारी भएको "विद्युतीय माध्यमबाट सवारी चालक अनुमतिपत्रको सेवा प्रवाह गर्ने सम्बन्धी कार्यविधि निर्देशिका, २०८०" को दफा ८ ले चिकित्सकहरूलाई सूचीकृत गरी स्वास्थ्य सेवा उपलब्ध गराउन सकिने र यसरी सूचीकृत स्वास्थ्य सेवा प्रदायकहरूले प्रति सेवाग्राही लिने स्वास्थ्य परीक्षण शुल्कको दर सम्बन्धित प्रदेश सरकारले तोके बमोजिम हुने गरी व्यवस्था गरेको छ। सोही अनुसार २०८०/१०/२४ मा बागमती प्रदेश मन्त्रिपरिषद्ले चिकित्सकले लिने शुल्क तोक्न, लिइरहेको शुल्क, प्रचलित बजार दर तथा सम्बद्ध क्षेत्रका विज्ञहरुसँग समेत परामर्श गरी बागमती प्रदेशका सबै यातायात व्यवस्था कार्यालयहरुमा एकरुपता कायम हुने गरी शुल्क निर्धारण गर्न सवारीचालक अनुमति पत्र प्रदान गर्ने कार्यालयका प्रमुखहरु सदस्य रहने गरी एक मेडिकल सेवा प्रदायकको शुल्क सिफारिश समिति गठन गरेको थियो । सोही सिफारिसअनुसार नै २०८१।०२।२२ गतेको प्रदेश सरकार मन्त्रिपरिषद्को बैठकले स्वास्थ्य परीक्षण शुल्क रु. १७५ तोकेको हो । त्यसैगरी सोही सरकारले स्वास्थ्य परीक्षण गर्ने चिकित्सकहरुको छनोट टुंग्याएको हो ।

यति मात्र होइन, स्वास्थ्यपरीक्षणको शुल्क र सूचीकृत चिकित्सकहरु बदर गर्न माग गर्दै कालीबहादुर थापासमेतले उत्प्रेषण आदेश माग गर्दै सर्वोच्च अदालतमा रिट दायर गरेकोमा मिति २०८२ चैत २० गते माननीय न्यायाधीश विनोद शर्माको इजलासले यस मन्त्रालयको निर्णय कार्यान्वयनको पत्राचारको प्रतिकूल हुने गरी कुनै काम नगर्नू/नगराउनू भनी प्रत्यर्थीहरुका नाममा अन्तरिम आदेश जारी गरेको थियो । त्यसअघि मिति २०८२ असार १८ मा सर्वोच्च अदालतले नै बालकुमार देवकोटाद्वारा दायर उत्प्रेषणसमेतको रिट निवेदन खारेज हुने ठहर गरेको थियो । यसरी सर्वोच्च अदालतले दुई पटकसम्म कामकारवाही नरोक्नू भनी दिएको आदेशको बर्खिलाफ सांसद

उपसचिव।।।

खत्रीले संघीय संसद्मा यस्तो अभिव्यक्ति दिनुले उनी अदालतमा विचाराधीन मुद्दालाई प्रभावित पार्ने प्रयासमा छन् भन्ने पनि देखाउँछ ।

वर्तमान सरकार गठन भएपछि प्रदेश सभामा केही सांसदले यो विषय उठान गरेका थिए। त्यसैबेला म स्वयंले जवाफ दिइसकेको छु। कि अब प्रदेशका मन्त्रीले पनि संघीय संसद्मा उभिएर जवाफ दिनुपर्ने हो ? यस्तो व्यवस्था संविधानमा कतै भएजस्तो लाग्दैन।

त्यस्तैले तथ्य बंग्याएर संघीय संसद्मार्फत सिंगो देशलाई दिग्भ्रमित पार्न खोजेका माननीय राजीव खत्रीलाई स्मरण गराउन चाहन्छौं, आत्मदाह गरेका गणेश नेपालीको विषयमा आलोचना भएपछि संघीय सरकारका गृहमन्त्रीले मुलुकमा तीन तहको सरकार रहेको र गणेश नेपालीको मोटरसाइकलमा स्थानीय सरकार अन्तर्गतका नगर प्रहरीले ह्वील लक गरेको भन्दै संघीय सरकारको बचाउ गरेको कति दिन भयो?

आफूलाई अप्ठेरो पर्दा संविधानको दुहाइ दिँदै तीन तहको सरकार देख्ने अनि विपक्षीमाथि प्रहार गर्न त्यही संविधानको बर्खिलाफ जाने छुट हुँदैन। हामी यो पनि स्पष्ट गर्न चाहन्छौं, प्रदेश सरकारका निर्णयको आलोचना गर्नै हुँदैन भन्ने होइन । स्वयम् राजीव खत्रीले पनि एक नागरिकका रुपमा यो विषय उठाउन सक्छन् । तर, संघीय संसद् उपयुक्त स्थान होइन।

आफ्नो अभिव्यक्तिको क्रममा माननीय खत्रीले मुख्यमन्त्री र यातायातमन्त्रीमाथि कारबाहीको मागसमेत गरेका छन्। संविधानतः प्रदेश सरकारका कामकारबाहीको निगरानी र कारबाही संघीय सरकारले गर्ने होइन, त्यसका लागि प्रदेश सभामै संसदीय समितिहरु छन्। संविधानमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, अदालत जस्ता संवैधानिक अंगहरुको व्यवस्था गरिएको छ। त्यस्ता अंगलाई अनुसन्धानमा सघाउन प्रदेश सरकार यातायात मन्त्रालय सधैं तत्पर रहेको पनि स्पष्ट पार्दछु।

अन्त्यमा, यस्ता भ्रममा नपर्न सम्पूर्ण नागरिकहरुलाई हार्दिक अनुरोध गर्दछु।

धन्यवाद।

उपटान ५।५।
२०८३।०३।२९

माननीय जयराम थापा
मन्त्री
श्रम,रोजगार तथा यातायात मन्त्रालय
बागमती प्रदेश हेटौंडा ।

बोदार्थः मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय बागमती प्रदेश हेटौंडा ।